Office for the Prevention of Hate Crimes

# घृणाजन्य अपराध भनेको के हो ?

घृणाजन्य अपराध (हेट क्राइम) भनेको निश्चित व्यक्तिगत विशेषताहरूको विरुद्धमा पूर्ण रूपमा वा केही हदसम्मको पक्षपातद्वारा प्रेरित भएर गरिने अपराध हो। न्यूयोर्क राज्यको कानुन अनुसार कुनै घटना घृणाजन्य अपराधको रूपमा वर्गीकृत हुनका निम्ति त्यसमा अन्तर्निहित अपराध हुनैपर्छ। यसको अर्थ अधिकारीहरूले सबैभन्दा पहिले अपराध घटेको थियो भनेर अनिवार्य रूपमा निर्धारण गर्नुपर्छ। यदि अपराध पक्षपातद्वारा प्रेरित रहेको थियो भनेर निर्धारण भएमा सुरुको अभियोगमा घृणाजन्य अपराधका आरोपहरू थप गर्न सकिनेछ।

यी थप दण्डसजायहरूको कारण के हो भने कुनै पनि अपराधको पीडितमा नकारात्मक असर हुने भएतापनि घृणाजन्य अपराधहरूले पीडितहरूमा एकदमै गहिरो तथा भावनात्मक तहसम्म प्रभाव पार्छ र सो प्रभाव व्यापक हुन्छ जसले गर्दा पीडितका विशेषताहरू साझा गर्नेहरूसँग भय तथा समुदायमा अशान्ति पैदा हुने गर्छ। अन्तर्निहित अपराधका विभिन्न प्रकारहरू रहेका छन् जसलाई पक्षपातपूर्ण मनसायका साथ गरिँदा घृणाजन्य अपराधहरू मान्न सकिनेछ र तिनीहरूमा कुटपिट, मौखिक रूपमा धम्की दिइने, लुटपाट, नकबजनी चोरी र ग्राफिटी जस्तो सम्पत्तिमा क्षति पर्दछन्।

न्यूयोर्कको कानुनले दुर्व्यवहार गर्ने, दु:ख दिने, धम्की दिने वा चेतावनी दिने मनसायका साथ ऐतिहासिक रूपमा घृणाका अभिव्यक्तिका रूपमा रहेका स्वस्तिक तथा फाँसीका फन्दाहरू राख्ने जोकोहीलाई पनि गम्भीर प्रकृतिको दुर्व्यवहारको अभियोग लगाउन सकिनेछ भनेर विशेष रूपमा स्पष्ट पारेको छ।

## घृणाजन्य अपराधका उदाहरणहरू

- ✔ ट्रेनको यात्रुले हात समाइरहेका एउटै लिङ्गको जोडीलाई "म समलिङ्गी मानिसहरूलाई घृणा गर्छु" भन्छ र पिट्ने धम्की दिन्छ।
- ✔ किशोरकिशोरीहरूको समूहले बिल्डिङमा स्प्रे पेन्टले स्वस्तिक बनाउँछन वा रुखमा फाँसीको फन्दा झुण्ड्याउँछन्।
- ✔ हिंडिरहेको मानिसले कसैको मुखमा थुक्छ र "तिमी एशियालीहरूले कोरोना भाइरस फैलाइरहेको छौं !" भनेर चिच्याउँछ।

## न्यूयोर्कको घृणाजन्य अपराध विरुद्धको कानुनअन्तर्गत कुन-कुन समूहलाई पहिचान गरिएको छ ?

अपराध कुनै पक्षपातद्वारा प्रेरित थियो कि थिएन भनेर निर्धारण गर्दा न्यूयोर्क राज्यको कानुनले निम्न परिचयहरूमा विचार गर्छ:

- जाति वा वर्ण
- धर्म वा धार्मिक अभ्यास
- पुर्खा वा राष्ट्रिय मूल
- लिङ्ग
- यौनिक झुकाव
- लैङ्गिक पहिचान वा अभिव्यक्ति
- अपाङ्गता
- उमेर

## यदि अन्तर्निहित अपराध छैन भने के हुन्छ ?

यदि कुनै पनि अन्तर्निहित अपराध नभएको भए पनि व्यक्तिलाई पक्षपात तथा घृणाद्वारा पीडित गराइएको हुन सक्छ। यदि कसैले तपाईंको परिचयको आधारमा तपाईंलाई मौखिक रूपमा दुर्व्यवहार वा भेदभाव गर्छ तर सो घटनामा भौतिक आक्रमण, आक्रमण गर्ने धम्की वा सम्पत्तिमा क्षति हुँदैन भने त्यस्तो घटना पक्षपातपूर्ण घटना हो।

पक्षपातपूर्ण घटनाहरूलाई भेदभावका उदाहरणहरूका रूपमा गम्भीर रूपमा लिइन्छ तर तिनीहरू अपराधहरू नै हुन्छन् भन्ने हुँदैन। केही पक्षपातपूर्ण घटनाहरू संविधानका वाक स्वतन्त्रताका प्रावधानहरूद्वारा संरक्षित हुन सक्नेछन्। अन्यहरूमा न्यूयोर्क शहरका मानव अधिकारका कानुनहरू अन्तर्गत रहेर न्यूयोर्क शहरमा देवानी दण्डसजायहरू दिन सकिनेछ जसलाई NYC कमिसन अन ह्युमन राइट्स (न्यूयोर्क शहरको मानव अधिकारसम्बन्धी आयोग) द्वारा व्यवस्थापन गरिनेछ।

## पक्षपातपूर्ण घटनाका उदाहरणहरू

- ✔ कुनै मानिस सडकमा ल्याटिन्क्स व्यक्तिको नजिकबाट हिंड्दै "म मेक्सिकनहरूलाई घृणा गर्छु" र "तिमीहरू आफ्नै देश फर्क !" भनेर चिच्याउँछ।
- ✔ किशोरकिशोरीहरूको समूहले अश्वेत किशोर/किशोरीलाई "एन" शब्द (अश्वेत व्यक्तिलाई होच्याउने नियतले प्रयोग गरिने अपमानजनक शब्द) ले बोलाउँछ।
- ✔ रेस्टुरेन्टको मालिकले फेट्टा बाँधेको ग्राहकलाई "मुस्लिमहरूलाई यहाँ आउन मनाही छ" भन्छ।

## निम्न अवस्थाहरूमा मैले के गर्नुपर्छ...

### ...यदि मैले घृणाजन्य अभिव्यक्ति वा स्वस्तिक जस्ता घृणाजन्य चिन्हहरू रहेका ग्राफिटी देखेमा ?

ग्राफिटी न्यूयोर्कमा अपराध मानिन्छ र घृणाजन्य अभिव्यक्ति वा घृणाजन्य चिन्हहरू रहेका ग्राफिटीलाई घृणाजन्य अपराध मान्न सकिनेछ। स्वस्तिक र फाँसीका फन्दाहरू सबैभन्दा सामान्य घृणाजन्य चिन्हहरू हुन्।

यदि तपाईंले घृणाजन्य अभिव्यक्ति वा घृणाजन्य चिन्हहरू रहेका ग्राफिटी देख्नुभएमा 911 मा फोन गरेर "हेट क्राइम (hate crime)" भन्नुहोस्। कानुन कार्यान्वयन गर्ने निकायसँग शेयर गर्नका लागि सो ग्राफिटीको चित्र खिचेर राख्दा पनि उपयोगी हुन सक्नेछ।

### ...यदि मैले ल्याम्पपोस्टमा श्वेत सर्वोच्चता समूह (व्हाइट सुप्रेमिष्ट ग्रुप) लाई प्रवद्धन गर्ने स्टिकर वा फ्लायर देखेमा ?

स्टिकर, फ्लायर तथा पोस्टरहरूलाई फर्स्ट अमेन्डमेन्टद्वारा संरक्षित गरिएको र घृणाजन्य अपराधहरू नमानिने भएतापनि पक्षपातपूर्ण वा घृणायुक्त सन्देशहरूका बारेमा रिपोर्ट गर्नु महत्त्वपूर्ण हुन्छ।

यदि फ्लायरहरूमा स्वस्तिक तथा फाँसीका फन्दाहरू जस्ता निश्चित चित्रहरू छन् भने त्यसले ती सामग्रीहरू वितरण गर्ने मानिसहरूको विरुद्ध लगाइने आरोपहरूलाई बढाउन सक्नेछ र त्यस बारेमा आफ्नो स्थानीय प्रहरी प्रभागमा रिपोर्ट गरिनुपर्छ।

### ...यदि कसैले पक्षपातपूर्ण टिप्पणीहरू गर्दै मलाई भौतिक रूपमा धम्की दिएमा ?

नछोइकन पनि गरिने भौतिक धम्कीलाई अपराध मान्न सकिनेछ। कसैले पक्षपातपूर्ण भाषासँगै भौतिक क्षति गर्ने धम्की प्रयोग गर्ने बित्तिकै त्यसलाई "घृणाजन्य अपराध" को रूपमा वर्गीकृत गर्न सकिनेछ।

यदि कसैले पीडितलाई भौतिक रूपमा आक्रमण वा हिर्काउनुभन्दा अगाडि "मैले तेरो एशियाली अनुहारमा हिर्काउँछु" भनेर चिच्याउँछ भने त्यो घृणाजन्य अपराध हुन सक्नेछ र तपाईंले सो घटनाका बारेमा 911 मा फोन गरेर वा आफ्नो स्थानीय प्रहरी प्रभागमा गएर सो घटनाका बारेमा प्रहरीलाई रिपोर्ट गर्नुपर्छ।

### ...यदि कसैले मलाई मेरो परिचयका बारेमा मौखिक रूपमा दुर्व्यवहार गर्छ तर मलाई धम्की नदिएमा वा मलाई नछोएमा ?

यदि कुनै व्यक्तिले तपाईंलाई तपाईंको जाति, राष्ट्रिय मूल, धर्म, लिङ्ग, यौनिक झुकाव वा लैङ्गिक पहिचान, अपाङ्गता वा अन्य कुनै पनि संरक्षित वर्गीकरणको कारणले गर्दा दुर्व्यवहार गर्छ भने त्यसलाई भेदभावपूर्ण दुर्व्यवहार मान्न सकिन्छ र तपाईंले 311 मा फोन गरेर "ह्युमन राइट्स (human rights)" भन्नुपर्छ वा NYC कमिसन अन ह्युमन राइट्स (CCHR) (न्यूयोर्क शहरको मानव अधिकारसम्बन्धी आयोग) लाई पक्षपातपूर्ण घटनाका बारेमा रिपोर्ट गर्नुपर्छ।

यदि तपाईं दुर्व्यवहार भेदभावपूर्ण वा त्यो तपाईंको परिचयको आधारमा गरिएको थियो कि थिएन भन्ने कुरामा निश्चित हुनुहुन्न भने पनि तपाईंले CCHR लाई फोन वा इमेल गर्न सक्नुहुन्छ र उनीहरूले तपाईंलाई आफ्ना अधिकारहरूलाई बुझ्न मद्दत गर्नेछन् र उजुरी दायर गर्नमा सहयोग गर्नेछन्।

### ...यदि मैले घृणाजन्य अपराध वा पक्षपातपूर्ण घटना भोगें भनेर म निश्चित नभएमा ?

यदि कसैले तपाईंलाई भौतिक रूपमा हानी गराएको छ वा तपाईंलाई हानी गर्ने धम्की दिएको छ भने तपाईंले 911 मा फोन गर्नुपर्छ। तर तपाईंले बिना कुनै सङ्कोच 311 वा 911 मध्ये कुनै एकमा वा कुनमा फोन गर्ने भनेर तपाईं निश्चित नभएमा दुवैमा फोन गर्नुपर्छ।

तपाईंले 311 वा 911 मध्ये जुनमा फोन गरे पनि तपाईंको उजुरीलाई सही ठाउँमा पठाइनेछ। कुन नम्बरलाई प्रयोग गर्ने भनेर चिन्ता गर्नुभन्दा पनि घटनाको बारेमा रिपोर्ट गर्नु बढी महत्त्वपूर्ण हुन्छ।

**के भयो ?**

| पक्षपातपूर्ण घटना | घृणाजन्य अपराध |
|---|---|
| **मैले के गर्नुपर्छ ?** | |
| 311 मा फोन गरेर "ह्युमन राइट्स (HUMAN RIGHTS)" भन्नुहोस् वा CCHR वेबसाइटमा गएर भेदभावपूर्ण रिपोर्ट भर्नुहोस् | 911 मा फोन गरेर "हेट क्राइम (HATE CRIME)" भन्नुहोस् वा आफ्नो स्थानीय प्रहरी प्रभागलाई फोन गर्नुहोस् |
| **त्यसपछि के हुन्छ ?** | |
| तपाईंलाई CCHR कर्मचारीसँग सम्पर्क गराइनेछ जसले सो मामिलाका बारेमा अनुसन्धान गर्न सक्नुहुनेछ वा उजुरी दायर गर्नमा तपाईंलाई मद्दत गर्न सक्नुहुनेछ। | तपाईंलाई अपरेटरसँग सम्पर्क गराइनेछ जसले विवरणका लागि तपाईंलाई सोध्नुहुनेछ र अनुसन्धान गर्नका लागि प्रहरीलाई पठाउन पर्छ कि पर्दैन भनेर निर्धारण गर्नुहुनेछ। भाषासम्बन्धी सहयोग उपलब्ध रहन्छ र आप्रवासनको स्थितिका बारेमा तपाईंलाई कहिले पनि सोधिने छैन। |